आज मिति २०८२ साल असोज १९ गते प्रमुख जिल्ला अधिकारी श्री गोपाल कुमार अधिकारीज्यूको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति, झापाको आकस्मिक बैठक निम्न वमोजिमको उपस्थितिमा बसि विपदको समयमा उद्दार, पुनर्स्थापना तथा राहत, सहयोग, समन्वय र सहजीकरण गर्ने सम्बन्धमा देहायवमोजिम निर्णय गरियो।

**उपस्थिति**

| | |
|---|---|
| प्र.जि.अ. श्री गोपाल कुमार अधिकारी | जिल्ला प्रशासन कार्यालय, झापा |
| प्र.से.श्री सरोज थापा | अरिदमन गण चारआली, झापा |
| प्र.उ. श्री राजन लिम्बु | जिल्ला प्रहरी कार्यालय, झापा |
| स.प्र.उ. श्री तुल बहादुर भण्डारी | सशस्त्र प्रहरीबल नेपाल नं. २ गण हेक्वा., झापा |
| उप.अ.नि.श्री उमेश पाण्डे | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा |
| का.प्र. श्री सन्जिव कुमार शाह | नेपाल विघुत प्राधिकरण, अनारमनी |
| सभापति श्री लोकराज ढकाल | नेपाल रेडक्रस सोसाइटी, झापा शाखा |
| प्रशासकीय अधिकृत श्री मोहनलाल पनेरु | जिल्ला प्रशासन कार्यालय, झापा |
| प्रशासकीय अधिकृत श्री रुपक काफ्ले | जिल्ला प्रशासन कार्यालय, झापा |
| शा.अ. श्री हरिशरण खड्का | नेपाल रेडक्रस सोसाइटी, झापा शाखा |
| महासचिव श्री पुष्प राज निरौला | निर्माण व्यवसायी संघ, झापा |
| ना. सु. यदुनन्दन दाहाल | जिल्ला प्रशासन कार्यालय, झापा |
| ना. सु. पद्मलाल ओझा | जिल्ला प्रशासन कार्यालय, झापा |

**निर्णयहरु**

१. गत रातीदेखि आएको अविरल बर्षाका कारण यस जिल्लामा भएको बाढी, डुवान तथा कटानको अवस्था तथा हाल सम्म गरिएका उद्दारको समीक्षा गरीयो। डुवान कटान भई तत्काल उद्दार गर्नु पर्ने देखिएका स्थानेहरुमा सुरक्षा निकायहरु बीच समन्वय गरी अत्यावश्यक ठाउँहरु थप टोली तत्काल खटाउने।

२. स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य संघ लगायतका संघ संस्थाहरुसँग समन्वय गरी आवश्यक राहत वितरणको कार्य गर्ने।